




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



श्रमको सम्मान गरौं
कामलाई सानो वा ठूलो नभनौं,
स्वदेशमै व्यापार व्यवसाय गरौं,
रोजगार भई राष्ट्र निर्माणमा
सहभागी होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २३ ❑ अङ्क १० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १० गते सोमबार ❑ 24 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सत्तारूढ दल र कानुनविद्बीच छलफल : बाभिएका कानुन संशोधन गर्न सुझाव

**रासस**
**काठमाडौं, ९ माघ**

सत्तारूढ पाँच दलीय गठबन्धन र कानुनविद्बीच आगामी स्थानीय तहको निर्वाचन गर्ने कानुनी प्रावधान सम्बन्धमा छलफल भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको छलफलमा कानुनविद्हरूले नेपालको संविधानसँग बाभिएका कानुन संशोधन गर्न सुझाव दिनुभएको थियो।

बैठकमा कानुनविद्हरूले स्थनीय तह निर्वाचन ऐन, २०७३ संविधानसँग बाभिएको देखिएकाले संशोधन गर्न सुझाव दिनुभएको प्रधानमन्त्री शेरबहादुर देउवाका कानुनविज्ञ अधिवक्ता केशवराज जोशीले राससलाई जानकारी दिनुभयो। संविधानको धारा, २२५ मा गाउँसभा र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुने र त्यस्तो कार्यकाल समाप्त भएको छ महिनाभित्र अर्को गाउँसभा र नगरसभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ उल्लेख छ।

यसैगरी, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ मा स्थानीय गाउँपालिका र नगरपालिकाका सदस्यको निर्वाचन गाउँसभा वा नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि हुनेछ भनी उल्लेख छ। संविधानको धारा, १ मा संविधान मूल कानुन भएको र यस संविधानसँग बाभिने कानुन बाभिएको हदसम्म अमान्य हुने उल्लेख छ। सोअनुसार संविधानसँग बाभिएको कानुन संशोधन गर्नुपर्ने देखिएको प्रधानमन्त्रीका कानुनविज्ञ अधिवक्ता जोशीले बताउनुभयो। केही समययता स्थानीय तहको निर्वाचन कहिले गर्ने भन्ने दलहरूबीच देखिएको बहसले कानुनविद्हरूको सुझावपछि निकास पाउने अपेक्षा गरिएको छ। प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति देउवाको संयोजनमा भएको बैठकमा कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरू, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडू, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठ, महान्यायाधिवक्ता खम्मबहादुर खाती, वरिष्ठ अधिवक्ताहरू, अधिवक्ताहरूलगायत सहभागी हुनुहुन्थ्यो।

## राष्ट्रियसभा सदस्य निर्वाचनको मौन अवधि सुरु

**रासस**
**काठमाडौं, ९ माघ**

राष्ट्रियसभा सदस्यको यही माघ १२ गते बुधबारका दिन हुने निर्वाचन प्रयोजनका लागि आज राति १२ बजेदेखि मौन अवधि सुरु हुँदैछ।

निर्वाचन मौन अवधिमा निर्वाचन प्रचारप्रसार गर्न र मत माग्न नहुने निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

आयोगद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ, ' मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्छ, एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत समेत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइनेछैन।" आयोगले मौन अवधिमा उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नहुने भएको हुँदा आचरणहरू पालना गर्न/गराउन सबैसँग अनुरोध गरेको छ। यसैबीच उक्त निर्वाचनका लागि निर्वाचक मण्डलको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले प्रदेशसभा सदस्य, गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुखमा निर्वाचित भएको प्रमाणपत्रका आधारमा मतदान गर्न सकिने छ।

आयोगका अनुसार स्थानीय तह निर्वाचन, २०७४, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७४ र उपनिर्वाचन, २०७६ मा आयोगबाट जारी भएको मतदाता परिचयपत्रका आधारमा पनि मतदान गर्न सकिनेछ। नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रका आधारमा निर्वाचक मण्डलको अन्तिम मतदाता नामावली विवरणसँग भिडाई यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन आयोगले सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ। राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १९ पदका लागि निर्वाचन हुन लागेको हो।

## स्थानीय तहको निर्वाचन पर नसार्न एमाले अध्यक्ष ओलीको आग्रह

**रासस**
**काठमाडौं, ९ माघ**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले स्थानीय तहको निर्वाचनलाई संविधानले तोकेको अवधिमै सम्पन्न गर्न माग गर्नुभएको छ।

अध्यक्ष ओलीले आइतबार समसामयिक राजनीतिका विषयमा वक्तव्य जारी गर्दै सत्ता गठबन्धनले आउँदो वैशाखमा प्रतिनिधिसभाको निर्वाचन गर्ने प्रस्ताव ल्याएकाले त्यसबाट राजनीतिक अन्योल बढ्ने टिप्पणी गर्नुभयो। गतवर्ष आफूले ताजा जनादेशका लागि प्रस्ताव गर्दा सडकमा प्रदर्शन र विरोध गरिएको स्मरण गराउँदै उहाँले अहिले 'अर्ली इलेक्सन'को कुरा गर्नेहरुले उक्त विरोधप्रति क्षमायाचना गर्न आग्रह गर्नुभयो। "नेपालको संविधानले स्थानीय तहको पद रिक्तताको परिकल्पना गरेको छैन, त्यसैले स्थानीय तहको निर्वाचन सार्ने कुनै पनि बहाना हामीलाई स्वीकार्य छैन", विज्ञप्तिमा भनिएको छ।

पूर्वप्रधानमन्त्री ओलीले कार्यकाल सकिनु दुई महिना अगावै स्थानीय तहको निर्वाचन गराउनुपर्ने संविधान र कानुनको मर्मलाई पालना नगरेर सत्ता गठबन्धनले निर्वाचन पर धकेल्ले प्रपञ्च गरिरहेको आरोप लगाउनुभयो। अध्यक्ष ओलीको १५ बुँदे सो वक्तव्यमा मुलुकको बाह्य सम्बन्धमा गम्भीर असन्तुलन र विचलन देखा परेको, सरकारले अर्थतन्त्रका वास्तविक आँकडालाई ढाकछोप गरेको, संसद्मा एमालले उठाएको मुद्दाको सुनुवाइमा ध्यान नदिएको आरोप लगाइएको छ। उहाँले कोभिड-१९ रोकथाममा संलग्न अग्रपङ्क्तिका राष्ट्र सेवकलाई जोखिम भत्ता दिन, प्रतिबद्धताबमोजिम सबैलाई कोभिडविरुद्धको खोप उपलब्ध गराउन, हराएको भनिएको २४ लाख मात्रा खोपको विवरण सार्वजनिक गर्न, ललिता निवास जग्गा अनियमितता प्रकरणका दोषीलाई उन्मुक्ति नदिन आग्रह गर्नुभएको छ।

विज्ञप्तिमा बेमौसमी पानीले धानबाली नष्ट भएका किसानलाई अविलम्ब राहत दिन, द्वन्द्वकालीन मुद्दा छिटो किनारा लगाउन, व्यक्ति हत्याको धम्की जस्तो गैह्रकानूनी अभिव्यक्ति दिने भौतिक पूर्वाधार विकासमन्त्री रेणुकुमारी यादवलाई पदबाट हटाउन पनि माग गरिएको छ।

## चालक तथा सहचालकलाई आतिथ्यता, ट्राफिक नियम बारे तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**



नेपाल पर्यटक यातायात व्यवसायी संघ, गण्डकी प्रदेशको आयोजना एवम् नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको प्रवर्द्धनमा पर्यटक यातायातमा खटिने चालक तथा सहचालकलाई आतिथ्यता, ट्राफिक नियम लगायतमा तालिम दिइएको छ।

संघले माघको पहिलो हप्ता चालक तथा सहचालकका लागि सञ्चालित दुई दिने तालिममा ७० जना सहभागी रहेको संघका गण्डकी प्रदेश अध्यक्ष बाबुराम पाण्डेले जानकारी दिनुभयो। तालिमका क्रममा सहभागीलाई ट्राफिक निती नियम, यात्रुलाई गरिने आतिथ्यता तथा व्यवहार, सुरक्षा तथा प्रविधिक पक्षबारे जानकारी गराइएको थियो।

पर्यटकहरू सर्वप्रथम चालक तथा सहचालकसँग प्रत्यक्ष सम्पर्कमा जाने भएकोले त्यहाँ गरिने व्यवहारले प्रत्यक्ष पर्यटनमा प्रभाव पार्ने उल्लेख गर्दै संघका अध्यक्ष पाण्डेले आतिथ्यताका साथै ट्राफिक नियम, सुरक्षा तथा प्राविधिक पक्षबारे दिइएको तालिम बहुउपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो।

उक्त अवसरमा पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराई, संघका संस्थापक अध्यक्ष मदन शर्मा खनाल, सल्लाहकार केदारनाथ शर्मा लगायतले तालिमका उपलब्धिलाई व्यवहारमा उतार्न सहभागीलाई आग्रह गर्नुभयो।

## वैशाखमा एसइई र कक्षा १२ को परीक्षा जेठमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको माध्यमिक शिक्षा परीक्षा अर्थात् एसइई आगामी वैशाखमा गर्नेगरी तयारी सुरु गरेको छ। बोर्डले वैशाखमा एसइई परीक्षा सञ्चालन गर्ने र सो परीक्षा सम्पन्न गरेर जेठमा कक्षा १२ को परीक्षा सञ्चालन गर्ने तयारी गरेको हो। बोर्डका अध्यक्ष डा महाश्रम शर्माले एसइई वैशाखमा र कक्षा १२ को परीक्षा जेठमा सञ्चालन गर्ने बोर्डले निर्णय गर्दै तयारी सुरु गरेकाले परीक्षाको तयारीमा रहन विद्यार्थीलाई आग्रह गर्नुभयो।

विद्यार्थीको पढाइ पुऱ्याउन चैतसम्म कक्षा सञ्चालन गर्ने र वैशाखमा परीक्षा गर्ने तयारी गरेको हो। परीक्षा तालिका भने बोर्डले केही दिनपछि सार्वजनिक गर्ने तयारी गरेको जनाएको छ।

## तनहुँका ५४ स्वास्थ्यकर्मी र कर्मचारीलाई कोरोना

**पोखरापत्र संवाददाता**
**दमौली, ९ माघ**

तनहुँका ५४ स्वास्थ्यकर्मी र कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ। जिल्लाका विभिन्न कार्यालयमा कार्यरत उहाँहरूलाई कोरोना पुष्टि भएको हो।

भिमाद नगरपालिका-६ स्थित भिमाद प्राथमिक स्वास्थ्यचौकीका १७ जनालाई सङ्क्रमण पुष्टि भएको छ। तीन चिकित्सक सहित अधिकांशलाई कोरोना पुष्टि भएपछि स्वास्थ्य चौकीको सेवा बन्द गरिएको केन्द्रका निमित्त प्रमुख चिकित्सक सागर घिमिरेले जानकारी दिनुभयो। स्वास्थ्य शाखाले एक जनालाई काजमा खटाएर स्वास्थ्य चौकीबाट एन्टिजेन परीक्षण नियमित भइरहेको छ। यस्तै सुत्केरी सेवा पनि नियमित सञ्चालन गरिएको छ।

नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत चार मध्ये तीन जनालाई पनि कोरोना पुष्टि भएको छ। सङ्क्रमण पुष्टि भएकाहरूलाई ज्वरो आउने, टाउको भारी हुने, खोकी लाग्ने, जीउ दुख्ने, नाकबाट लगातार सिँगान बगिरहने र घाँटी खसखस हुनेजस्ता लक्षण देखिएका छन्।

शुक्लागण्डकी नगरपालिकाको कार्यालयमा कार्यरत १४ कर्मचारीलाई पनि कोरोना पुष्टि भएको छ। सङ्क्रमण बढ्दै गएपछि नगरपालिकाको कार्यालयबाट प्रवाह हुने अत्यावश्यकबाहेकका सबै सेवा बन्द गरिएको छ।

शुक्रबारदेखि अर्को निर्णय नभएसम्मका लागि सेवा बन्द गरिएको प्रमुख प्रशासकीय अधिकृत लीलावल्लभ न्यौपानेले जानकारी दिनुभयो। शुक्लागण्डकी-४ दुलेगौडा बजारमा रहेको खैरेनीटार स्वास्थ्यचौकीमा कार्यरत छ जना स्वास्थ्यकर्मी पनि कोरोना सङ्क्रमित भएका छन्। सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने भएकाले कर्मचारी र स्वास्थ्यकर्मी बढी सङ्क्रमित भइरहेको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अजय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कोभिडबाट चारजनाको मृत्यु

**रासस**
**काठमाडौं, ९ माघ**

बितेका २४ घण्टामा १३ हजार ३७७ जनाको पिसिआर परीक्षण गर्दा पाँच हजार ५९८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

त्यसैगरी, चार हजार ६० जनाको एन्टिजेन परीक्षण गर्दा ८६४ जना सङ्क्रमित भएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार कुल १७ हजार ४३७ जनाको परीक्षण गर्दा छ हजार ४६२ जनामा कोरोना पुष्टि भएको छ।

मन्त्रालयले आज गरेको नियमित 'प्रेस ब्रिफिङ' सहायक प्रवक्ता डा समीर अधिकारीले २४ घण्टामा एक हजार ४१६ जना सङ्क्रमणमुक्त भएका तथा चारजनाको आइतबार मृत्यु भएको बताउनुभयो। हाल देशभर ७७ हजार ४० सक्रिय सङ्क्रमित छन्।

यसैबीच, टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले ५० बढी चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी कोभिड-१९ बाट सङ्क्रमित भएका बताउँदै यही माघ १० देखि १६ गतेसम्म खोप अभियान स्थगन भएको जनाएको छ।




# नेपाल पुलिस क्लवलाई पराजित गर्दै मनाङ मर्स्याङ्दी क्लब २० औं आहा रारा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ । विभागीय टोली पुलिसलाई आइतबार दोस्रो क्वाटरफाइनलमा २-० गोलअन्तरले पराजित गर्दै मनाङले अन्तिम चारमा स्थान बनाएको हो ।

करिब एक महिना अघिमात्र कतार एयरवेज सहिद स्मारक ए डिभिजन लिगअन्तर्गत पोखरा रंगशालामा मनाङले पुलिसलाई ३-१ गोलअन्तरले पराजित गरेको थियो । खेलको ६४ औं मिनेटमा एनओसी मनाङ मर्स्याङ्दीका फिडफिल्डर रुपेश केसीले गोल गर्दै टिमलाई अग्रता दिलए । बिमल रानाको पासमा



डि-बक्सभित्र रहेका रुपेशले उत्कृष्ट गोल गरेका हुन् ।

खेलको ८७ औं मिनेटमा मनाङका अफिज ओलावाले गोल गरी जित सुनिश्चित पारे। मैदानको मध्यभागबाट बल अगाडि बढाउँदै लगेका विदेशी खेलाडी ओलावालेले कीपर संजित श्रेष्ठ बिट भएको अवस्थामा उत्कृष्ट गोल गरे ।

मनाङको तुलनामा पुलिसले खासै मुभ बनाउन सकेन । खेलको ५४ औं मिनेटमा राम बाजीको क्रसमा नीरकुमार राईले हेड गर्नबाट चुके । प्रतियोगितामा ओलावाले नै म्यान अफ दी म्याच घोषित हुँदै नगद ८ हजार पुरस्कार प्राप्त गरे । आहा रारामा पुलिस मनाङले ६६ पटक उपाधि जितेका छन् ।

मनाङ अब त्रिभुवन आर्मी र रुस्लान थ्रि स्टारको विजेतासँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्ने भएकोछ ।

यसैबिच, सोमबार साविक विजेता संकटा क्लब र लिगको शीर्षस्थानमा रहेको मच्छिन्द्र क्लबबीच खेल हुने आयोजक सहारा क्लब पोखराले जनाएको छ ।



सेवाग्राहीको भीडः यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र पोखरामा सवारी ट्र्याल र राजश्व दाखिलाका लागि सेवाग्राहीको भीड । कोरोनाका कारण २५ जनाभन्दा बढी भेला हुन नपाइने प्रशासनको आदेश रहेपनि सार्वजनिक सेवा प्रदायक कार्यालयहरुमा स्वास्थ्य मापदण्ड पालना भएको छैन । तस्वीर : कृष्ण दवाडी

# सितलदेवी, माटेपानी सामाजिक संस्था गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

पोखरा १२ को विकास तथा यहाँ रहेका विभिन्न सामाजिक संघ संस्थाहरुलाई सल्लाह सुझाव दिने उद्देश्यले पुरानोधारा देखि गुम्वाफेदीसम्म बसोबास गर्ने विभिन्न क्षेत्रमा काम गर्ने ब्यक्तीहरुको भेलाले बिनोद बहादुर कार्कीको अध्यक्षतामा सितलदेवी, माटेपानी सामाजिक संस्था गठन गरेको छ ।

संस्थाको तर्दथ समितिको प्रथम उपाध्यक्षमा राम गुरुङ द्धितिय उपाध्यक्षमा सुरज श्रेष्ठ सचिवमा मनोहरि पौडेल सह सचिवमा हरि न्यौपाने कोषाध्यक्षमा जित अस्लामी मगर तथा सदस्यहरुमा खिलनाथ सुवेदी,हरि कुमार राजभण्डारी टेक राना शिव प्रसाद कोइरला र युवक थापा रहेका छन् ।

संस्थाको सल्लाहकारमा लालमोहन गुरुङ र विष्णु कुमार



श्रेष्ठ रहेका छन् ।

भेलामा बोल्दै नव गठित सितलदेवी माटेपानी सामाजिक संस्थाका अध्यक्ष विनोद वहादुर कार्कीले पोखरा महानगरपालिका १२ को विकास निर्माण लगाएत विभिन्न सामाजिक कामहरूमा संस्थाको साथ र सहयोग रहने बताउदै पोखरा १२ मा रहेका विभिन्न सामाजिक संस्थाहरुलाई सल्लाह सुझाव दिने उद्देश्यले संस्था गठन गरिएको बताउदै आगामी दिनमा पोखरा १२ मा रहेका विभिन्न सामाजिक ब्यक्तिहरुको सल्लाह सुझाव लिदै संस्था अगाडि बढ्ने बताए ।

भेलामा संस्थाका सल्लाहकार विष्णु कुमार श्रेष्ठ, लालमोहन गुरुङ सितल ज्योति क्लवका उपाध्यक्ष मिन गुरुङ तथा संस्थाका प्रथम उपाध्यक्ष राम गुरुङ द्धितीय उपाध्यक्ष सुरज श्रेष्ठ सचिव मनोहरि पौडेल कोषाध्यक्ष जित अश्लामी सदस्यहरु हरि कुमार राजभण्डारी शिव प्रसाद कोइरला खिलनाथ सुवेदी टेक राना युवक थापा लगाएतले विभिन्न सुझाव दिएका थिए ।

# भूतपूर्व खेलाडी मञ्च र बगर भाइखलकद्वारा यूकेका पाहुनाको स्वागत

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ माघ**

यूकेबाट पोखरा आएका सामाजिक व्यक्तित्व तथा संघसंस्थाका पदाधिकारीहरुलाई नेपाल भूतपूर्व खेलाडी मञ्च र बगर भाइखलक पोखराले स्वागत गरेको छ । बगर भाइखलक यूके, सहारा यूके, तमु धिँ यूके र पोखरेली मञ्च यूकेका पदाधिकारीहरुलाई पोखरामादुईसंस्थालेएककार्यक्रमको आयोजना गरी स्वागतसँगै सम्मान गरेको हो ।

उक्त अवसरमा दुई संस्थालाई यूकेबाट नगद सहयोग पनि हस्तान्तरण गरिएको छ । यस्तै, पाँचौ स्व. रञ्जित गुरूङ स्मृति तथा एघारौं बगर भाइ खलक एट ए साईड अन्तराष्ट्रिय भेट्रान (४०+) फुटबल प्रतियोगितामा सहप्रायोजन वापतको दुई लाख रुपैंया पनि हिमालयन ब्रुअरीले बगर भाइखलकलाई हस्तान्तरण गरेको छ । कार्यक्रममा प्रमुख आमन्त्रित व्यक्तित्व प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव तेजबहादुर गुरुङले खेलकुदमा समर्पित यस्ता व्यक्तित्वहरुकै कारण नेपाली खेल क्षेत्र अघि बढेको उल्लेख गरे । 'गण्डकी प्रदेशमा खेलकुदको बजेट ०.८ प्रतिशत मात्रै छ । खेलकुद जस्तो महत्वपूर्ण विषय यसरी पछाडि परेको छ । खेलकुदको विकासमा सबै लाग्नुपर्छ ।' - गुरुङले भने- 'हामी सही ठाउँमा छौं । खेलकुदलाई स्वास्थ्यको अभिन्न अंग मान्न नसक्ने ठाउँमा हामी जिम्मेवार तहमा पुग्नु राम्रो



कुरा हो । जिम्मेवारी वहन गर्दै खेलकुदलाई अघि बढाउन हामी लाग्नुपर्छ, लागिरहेका छौं ।'

दुई संस्थाको संयुक्त कार्यक्रमको अध्यक्षता नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष हरि पराजुली र बगर भाइ खलकका अध्यक्ष दिल बहादुर गुरूङले गरेका थिए । सहभागीलाई स्वागत गर्दै मञ्चका अध्यक्ष पराजुलीले फागुन ७ मा हुने प्रतिष्ठित म्याराथुन प्रतियोगिताको तयारीमा जुटेको बताए । उनले गत वर्ष कोरोना महामारीका कारण ४ चरणमा सम्पन्न गरेको प्रतियोगिता यस पटक सहज अवस्था भए एकै पटकमा र नभए २ चरणमा गर्ने गरी तयारी गरेको पनि जानकारी गराए ।

उक्त अवसरमा सहारा यूकेका संस्थापक अध्यक्ष सामाजिक व्यक्तित्व नविन गुरुङ, बगर भाइ खलक यूकेका अध्यक्ष दिलराज गुरूङ, सहारा यूकेका अध्यक्ष कुसाङ गुरूङलगायतले ४ संस्थाबाट प्रतिनिधित्व भएपनि सबै जसो तमु धिँमा आबद्ध रहेकाले सबै मिलेर, हातेमालो गर्दै अघि बढ्ने उल्लेख गरे ।

उक्त अवसरमा सहारा यूके र तमु धिँ यूकले संयुक्त रुपमा भूतपूर्व खेलाडी मञ्चलाई नगद एक लाख एक सय प्रदान गरेको छ । यस्तै, बगर भाइखलकलाई उपस्थिति पदाधिकारीहरुले संकलन गरी ६० हजार पनि हस्तान्तरण गरेको छ ।

हिमालयन ब्रुअरीका अरूण कुमार चौधरीको अनुपस्थितमा बजार व्यवस्थापक योगेन गौतमले बगर भाइ खलकका अध्यक्ष दिल बहादुर गुरूङलाई दुई लाख बराबरको चेक हस्तान्तरण गरे । व्यवस्थापक गौतमले आगामी दिनमा सहकार्य निरन्तर रहने उल्लेख गरे । प्रायोजन गर्न समन्वयकर्ताको भूमिका खेलेका नविन गुरुङले आगामी वर्षदेखि वार्षिक ५ लाख प्रदान गर्ने गरी ५ वर्षसम्मका लागि हिमालयन ब्रुअरीले मूख्य प्रायोजन गर्नेबारे खुलासा गरेका थिए । कार्यक्रमको सञ्चालन बगर भाई खलकका महासचिव यामबहादुर गुरुङले गरेका थिए ।

# तनहुँ...

श्रीवास्तवले बताउनुभयो ।

समुदायस्तरमै कोरोना फैलिरहेको उहाँको अनुमान छ । "अझै पनि स्वास्थ्यको मापदण्ड पालना गरिएको छैन, बजारमा मास्क नलगाइकन हिँडडुल गरेको देखिन्छ", उहाँले भन्नुभयो, "सबै एकजुट नहुने हो भने कोरोना नियन्त्रणमा कठिनाई हुन्छ ।"

आँबुखैरेनी गाउँपालिकाका १४ कर्मचारी र स्वास्थ्यकर्मीलाई सङ्क्रमण पुष्टि भएको छ । कर्मचारी र स्वास्थ्यकर्मीलाई कोरोना सङ्क्रमण भएपछि गाउँपालिकाको कार्यालयबाट प्रवाह हुने अत्यावश्यक बाहेकका सेवा बन्द गरिएको छ ।

समुदायस्तरमा परीक्षणको दायरा बढाउने हो भने अधिक सङ्क्रमित भेटिने स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले जानकारी दिनुभयो । स्वास्थ्य निर्देशनालय गण्डकीका अनुसार जिल्लामा ४२ स्वास्थ्यकर्मीलाई कोरोना पुष्टि भएको छ । हाल जिल्लामा तीन सय ८९ सक्रिय सङ्क्रमित छन् । गत वैशाखयता जिल्लामा पाँच हजार ७१२ जनालाई कोरोना पुष्टि भएको छ । पाँच हजार २५१ निको भए । वैशाखयता मात्रै एक ३० जनाले ज्यान गुमाएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# राष्ट्रसंघीय पाँच निकायको नेतृत्व तहमा नेपाल

**रासस**
**काठमाडौं, ९ माघ**

शान्तिप्रेमी, स्वाभिमानी र स्वाधीन मुलुकका रुपमा नेपालले आफूलाई विश्वसामु परिचित गराउँदै संयुक्त राष्ट्रसङ्घका पाँच निकायमा कूटनीतिक कौशल प्रदर्शन गर्दै आएको छ ।

दुईपटक राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अस्थायी सदस्य बनेको नेपाल पुनः उक्त पदमा पुग्न असफल भए पनि पछिल्लो समय उक्त विश्वसंस्थाका महत्वपूर्ण पदमा रहेर काम गर्ने अवसर भने पाएको छ । मानवअधिकार परिषद्, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिइडीएडब्ल्यू), लागुऔषध नियन्त्रणसम्बन्धी आयोग, जनसङ्ख्या तथा विकास आयोग र विज्ञान तथा प्रविधि आयोगको सदस्यमा निर्वाचित नेपालले अन्तर्राष्ट्रिय समुदायसँग मिलेर काम गर्ने अवसर पाएको छ । सिइडीएडब्ल्यको आगामी तीन वर्ष, मानवअधिकार परिषद् र लागुऔषध नियन्त्रण आयोगको आगामी दुई वर्ष, जनसङ्ख्या तथा विकास आयोग र विज्ञान तथा प्रविधि आयोगमा सदस्यका रुपमा नेपालले यो वर्षभरि विश्वसमुदायसँग नेतृत्व तहमा रहेर काम गर्ने अवसर पाएको छ । सन् २०२१ सम्म नेपालले लैङ्गिक समानता तथा सशक्तीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय (युएन वुमन), राष्ट्रसङ्घीय महासभाको आर्थिक तथा वित्तीय समितिको अध्यक्ष र कानुन समितिको उपाध्यक्षका रुपमा काम गरिसकेको छ । नेपालले आफ्नो बहुपक्षीय संलग्नतामा उक्त विश्व संस्थालाई सुधार गर्न र त्यसलाई अझ सक्रिय, प्रभावकारी र सक्षम बनाउनुपर्नेमा जोड दिँदै आएको छ । साथै राष्ट्रसङ्घको बडापत्रलाई आफ्नो परराष्ट्र नीतिको मार्गदर्शक सिद्धान्तका रुपमा अँगालेको छ भने उक्त संस्थालाई बहुपक्षवादको केन्द्रबिन्दु मानेको छ । राष्ट्रसङ्घसँग नेपालको सहकार्यले शान्ति, सुरक्षा, विकास र मानवअधिकार जस्ता राष्ट्रसङ्घीय प्रणालीका तीनवटै स्तम्भलाई सुदृढ तुल्याउन योगदान पुगेको छ ।

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सम्पर्क:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**

**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

**नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।**

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन त्यति सजिलो हुन्छ ।

– स्वेटमार्डन

## सम्पादकीय

# नेटवर्किङ व्यवसायमा नफस

नेपालमा नेटवर्किङ व्यवसाय चलाउनेबाट सर्वसाधारण ठगिने गरेका छन् । चाँडै कमाउने लोभ देखाएर सर्वसाधारणलाई फसाउने काम विभिन्न समयमा हुँदै आएको छ । राजनीतिक अस्थिरता भएको बेलामा नेटवर्किङ व्यवसाय चलाउने सक्रिय हुने गरेका छन् । राजनीतिक दलहरूबीच सम्बन्ध राम्रो नभएको र सरकारले सुशासन दिन नसकेको मौका छोपेर नेटवर्किङ व्यवसाय हुने गरेको छ । नेपाली जनता नेटवर्किङ व्यवसायीले देखाउने गुलियो सपनामा फस्ने गरेका छन् । विगतमा गोलक्वेष्ट, युनिटी लगायतका ठगी धन्दा चलाउनेबाट सर्वसाधारण ठगिएका थिए ।

राजनीतिक नेतालाई जोडेर धन्दा चलाउनेलाई कार्वाही नभएको हुँदा नेटवर्किङ व्यवसाय गर्नेले नयाँ नयाँ नाममा धन्दा चलाउँदै आएका छन् । उपभोक्ता हित संरक्षण मञ्चले आवाज उठाएपछि नियमक निकायले मुख खोलेको छ । नेपाल राष्ट्र बैंकले नेटवर्किङ व्यवसायमा लगानी नगर्न चेतावनी दिएको छ । राष्ट्र बैंकले सूचना जारी हाइपर फण्ड, जोसियएल, क्राउड वन, सोलेम्याक्स जस्ता पिरामिड व्यवसायमा लगानी नगर्न चेतावनी दिएको छ । नेटवर्किङ व्यवसायमा आबद्ध गर्न/गराउन आह्वान गर्ने गरेको भन्दै यस्तो व्यवसाय गैरकानुनी भएकाले सचेत हुन राष्ट्र बैंकले आग्रह गरेको छ ।

राष्ट्र बैंकले भर्चुअल करेन्सी र क्रिप्टोकरेन्सीमा कारोबार नगर्न चेतावनी दिएको छ । छोटो अवधिमा उच्च प्रतिफल पाउने आशा देखाउँदै भर्चुअल र क्रिप्टोकरेन्सी र त्यससँग सम्बन्धीत हाइपर फण्डलगायत नेटवर्किङ व्यवसायमा लगानी नगर्न सचेत गराएको छ । राष्ट्र बैंकले सचेत गराउने काम गरेपनि धन्दा रोकिएको छैन । सरकारका अन्य अंगले पनि त्यस्तो व्यवसाय गर्नेलाई निरुत्साहित नगरेसम्म सर्वसाधारण ठगिनबाट जोगिने छैनन् । नेपालमा क्रिप्टोकरेन्सी तथा नेटवर्किङ व्यवसायले मान्यता नपाएकाले यस्ता गैरकानुनी वित्तीय औजारमा आबद्ध भई कारोबार गर्दा सर्वसाधारण ठगिने, अवैधानिक तरिकाले रकम बाहिरिई पुँजी पलायन हुने भएकाले त्यस्ता कारोबार तथा व्यवसायमा संलग्न नहुन सूचना जारी गरिएको छ ।

नेपालभित्र बसोबास गर्ने नेपाली तथा विदेशी नागरिक र नेपाल बाहिर बस्ने नेपाली नागरिकले भर्चुअल तथा क्रिप्टोकरेन्सी तथा नेटवर्किङमा लगानी गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने राष्ट्र बैंकले जनाएको छ । नेटवर्किङ धन्दा सुन राम्रो लाग्ने र त्यसको लतमा परेर सम्पत्ति गुम्ने अवस्था आउन नदिन सबैखाले संचार माध्यमले सचेतना फैलाउनु पर्दछ । नागरिक समाजले पनि सचेतना अभियान चलाएर मात्र नेटवर्किङ व्यवसाय रोक्न सकिनेछ ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : व्यापारमा लाभ | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : मन चञ्चल | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# चिकित्सक र स्वास्थ्यकर्मी संक्रमित भएपछि बेनी अस्पताल प्रभावित

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ माघ

चिकित्सक र स्वास्थ्यकर्मी कोरोना भाइरस संक्रमित भएपछि म्याग्दीको सदरमुकामस्थित बेनी अस्पतालको सेवा प्रभावित भएको छ ।

चिकित्सक र स्वास्थ्यकर्मी कोरोना भाइरसबाट संक्रमित भएको अस्पतालमा भिड व्यवस्थापन गर्न आइतबारदेखि माघ १५ गतेसम्म सेवा बन्द गरेको हो । अस्पतालमा कार्यरत २३ जना चिकित्सक र स्वास्थ्यकर्मी कोरोना भाइरसको संक्रमण पुष्टि भएपछि आइसोलेसनमा बसेका छन् । बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले एक हप्ताका लागि फिबर क्लिनिक (ज्वरोका बिरामी) र आकस्मिक बाहेकका सेवा बन्द गरिएको जानकारी दिनुभयो । 'जनशक्ति व्यवस्थापन र भीड बढेकाले एक हप्ताका लागि ओपिडी सेवा बन्द गरेका हौं', उहाँले भन्नुभयो, 'आकस्मिक र ज्वरोका बिरामीको उपचारलाई भने निरन्तरता दिएका छौं ।' पचास शय्या क्षमताको बेनी अस्पतालले हाल ६४ शय्या बराबरको सेवा दिइरहेको छ । कोरोना संक्रमितको उपचारका लागि २० शय्या क्षमताको एचडियुसहितको आइसोलेसन सञ्चालन गरेको छ ।

म्याग्दीका साथै पर्वतको जलजला गाउँपालिकाका दैनिक १०० जनाले सेवा लिने गरेका छन् । म्याग्दीमा हाल कोरोना भाइरसका सक्रिय संक्रमितको संख्या १५० जनाभन्दा बढी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । शिक्षक र विद्यार्थीहरुमा कोरोना संक्रमण देखिन थालेपछि माघ ५ देखि १५ गतेसम्मका लागि जिल्लाभरका विद्यालय बन्द भएका छन् । रघुगंगा गाउँपालिकाको कार्यालयको अत्यावश्यक बाहेकको सेवा माघ १२ गतेसम्मका लागि बन्द भएको छ । प्राकृतिक तातोपानीका कुण्ड र धार्मिकस्थलहरु माघ महिनाभरका लागि बन्द भएको छ । जिल्ला प्रशासन कार्यालयले पालिकाअनुसार आलोपालो गरेर सेवा दिन थालेको छ । सहायक प्रजिअ धिरेन्द्रराज पन्तले कोरोना संक्रमण नियन्त्रणका लागि भीडभाड हुन नदिनका लागि अत्यावश्यक सेवाबाहेक नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, नाबालक परिचयपत्र, संघसंस्थालगायत विविध सिफारिससम्बन्धी सेवाका लागि पालो लगाइएको बताउनुभयो ।

# सडक पुल अतिक्रमण गरेर सटर निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ माघ

म्याग्दीको बेनी नगरपालिका-२ हाँडेभिरमा सडक र मोटरेबल पुल अतिक्रमण गरी टहरा बनाएर सटर भाडामा लगाइएको छ । सडक र पुलको क्षेत्राधिकार अतिक्रमण गरेर निर्माण भएको टहरा हटाउन नगरपालिकाले दिएको निर्देशन पालना भएको छैन । टहरा बनाएर भाडामा लगाउने व्यवसायी कुलप्रसाद घर्ती र नगरपालिकाबीच भएको सम्झौताको अवधि एक वर्षअघि नै सकिएको थियो ।

बागलुङ-बेनी सडकअन्तर्गत बेनी नगरपालिका-२ हाँडेभिर र ७ को सिमाना भएर बग्ने म्याग्दी नदीमाथि रहेको मोटरेबल पुलसँगैको जग्गा व्यवसायी घर्तीले विसं २०७२ माघ १ गते वार्षिक १० प्रतिशतका दरले बढ्ने गरी रु पाँच हजार तिर्ने गरी पाँच वर्षका लागि भाडामा लिनुभएको थियो । पुलमुनि कृषि औजार कारखाना चलाएका उहाँले पुलसँग जोडेर बनाएको टहरामा सटर हालेर होटल, रेष्टुरेन्ट र किराना पसल सञ्चालकलाई भाडामा लगाउनुभएको छ । सम्झौताविपरित पुलसँग जोडी संरचना निर्माण गरेको र निर्धारितभन्दा बढी जग्गा प्रयोग गरेको भन्दै नगरपालिकाले विसं २०७७ माघदेखि सम्झौता रद्द गर्ने निर्णय गर्दै ३० दिनभित्र खाली गराउन निर्देशन दिएको थियो । बेनपा-२ का वडाध्यक्ष हीराबहादुर थापाले कार्यपालिकाको बैठकले गरेको निर्णय अटेर गरेर व्यवसायी घर्तीले आफूखुशी सार्वजनिक जग्गामा संरचना बनाएर अतिक्रमण गरेका बताउनुभयो । "हामीले संरचना हटाउन भनेर ताकेता गरेका छौं", उहाँले भन्नुभयो, "अटेर गरेर खाली गर्नुभएको छैन ।"

सम्झौता नवीकरण नभए पनि व्यवसायी घर्तीले नगरपालिकाको राजस्व खातामा एक वर्षको अग्रिम भाडावापतको रु सात हजार ३२० जम्मा गर्नुभएको थियो । बेनी नगरपालिकाको कार्यालय अगाडि नै रहेको पुलसँग जोडिएका टहराका कारण सवारीसाधन र पैदलयात्रुलाई आवतजावतमा असहज भएको छ । दुर्घटनाको जोखिम बढेको छ । नगरपालिकाले विसं २०७४ मा बेनी-बाग्लुङ सडकको क्षेत्राधिकार ३० मिटर र सेटब्याक छ मिटर कायम गरेको थियो । सडकको क्षेत्राधिकारभित्र पर्ने जग्गामा नगरपालिकाले भौतिक संरचना बनाउन अनुमति दिँदैन । व्यवसायी घर्तीले भने आफूले अतिक्रमण नभएर राज्यलाई कर तिरेर पुलको संरक्षण गरेको दाबी गर्नुभयो । "खेर गएको ठाउँमा उद्योग चलाएर ५० जनालाई रोजगारी दिएको छु", उहाँले भन्नुभयो, "लोपोन्मुख आरन उद्योग चलाएर रोजगारी दिएको र सस्तोमा कृषि औजार उत्पादन तथा मर्मत गरेकामा प्रोत्साहन गर्नुको साटो हटाउन खोजेर दुःख दिने काम भएको छ ।"

# करेन्ट लागेर गिद्ध मरे

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ माघ

छाडा चौपायालाई व्यवस्थित गर्न थालेपछि जिल्लामा फाटफुट मात्रामा गिद्ध देखा पर्न थालेका थिए ।

छाडा चौपायाले किसानको बाली खाएर नोक्सान गरिदिने, सडक अवरुद्ध गरेर दुर्घटना निम्त्याउने, सडक, बस्ती फोहर गर्न थालेपछि व्यास नगरपालिकाको सक्रियतामा व्यास-१० शिशुवा भतेरीमा गौ संरक्षण केन्द्र स्थापना गरिएको छ ।

नेपाल विद्युत् प्राधिकरणले गौ संरक्षण केन्द्र आसपासबाट भोर्लेटार-दमौली ३३ केभी प्रसारण लाइन विस्तार गरेपछि गिद्ध करेन्ट लागेर धमाधम मर्न थालेका छन् । शिशुवा-भतेरीमा छाडा चौपाया सङ्कलन गरी गौ संरक्षण केन्द्र स्थापना गरेसँगै मरेका पशु खान दिनमा विभिन्न किसिमका सयौँ गिद्ध आउने गरेको वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "गौ संरक्षण केन्द्र आसपास क्षेत्रमा छ-सात किसिमका गिद्ध देखा पर्न थालेका छन् ।" हालसम्म करिब ६०-७० गिद्ध करेन्ट लागेर मरिसकेको बताइएको छ । धेरै गिद्ध करेन्ट लागेर मर्न थालेपछि प्राधिकरणलाई यस क्षेत्रको नाङ्गो तार व्यवस्थित गर्न र पोलिथिन पाइपले कभरिङ गर्नका लागि आग्रह गरिएको उहाँले जानकारी दिनुभयो ।

प्राधिकरणले राम्रोसँग विद्युत् पोलको अर्थिङ नमिलाउँदा अर्थिङमा परेर केही समयअघि एक स्थानीय बालकसमेत घाइते भएको स्थानीयवासी रामप्रसाद सापकोटाले बताउनुभयो । केन्द्रमा हाल १०० को हाराहारीमा छाडा छोडिएका पशुचौपाया छन् । स्थानीयदेखि उन्नत जातसम्मका गाई संरक्षण केन्द्रमा छन् । मानिसले गाईले दूध दिँदासम्म पाल्ने र यसपछि छाडिदिने प्रवृत्ति बढेपछि नगरपालिकाले सो केन्द्र स्थापना गरी संरक्षण गर्दै आएको हो ।

# 'नेपालका चौंसठ्ठी ज्योतिर्लिङ्ग' सार्वजनिक

**रासस**
काठमाडौं, ९ माघ

शिक्षाविद् प्रा डा विद्यानाथ कोइरालाले लेख्नुभएको 'नेपालका चौंसठ्ठी ज्योतिर्लिङ्ग (लोकलयमा)' पुस्तकको प्रकाशन गरी लोकार्पण गरेको छ । हिमवत् आर्ष प्रज्ञाले प्रकाशन गरेको पुस्तक स्व पं चित्रप्रसाद सुवेदीको स्मृति दिवसका अवसर पारेर प्रविधिका माध्यमले जुमसञ्जालबाट आयोजित कार्यक्रममा महेश संस्कृत गुरुकुलका पीठाधीश १००८ स्वामी रमणानन्द गिरीले पुस्तक सार्वजनिक गर्नुभएको हो ।

नेपालका तीर्थस्थलको वैज्ञानिक अनुसन्धान हुनुपर्नेमा जोड दिँदै उहाँले ज्योतिर्लिङ्ग सबैका आस्थाका प्रतीक भएको बताउनुभयो । नेपाल देवताको देश भएको तथ्य उल्लेख गर्नुहुँदै सन्त गिरीले सबै सिद्धस्थलको विधिवत् आराधना हुनुपर्नेमा जोड दिनुभयो । हिमवत् आर्ष प्रज्ञाले तृतीय वाक्पुष्पका रूपमा प्रकाशन गरेको पुस्तकको समीक्षा गर्दै नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति प्राज्ञ डा जगमान गुरुङले लोकलयमा नेपालका ज्योतिर्लिङ्गको महिमा वर्णन गर्नुलाई सराहनीय कार्यका रूपमा चित्रण गर्नुभयो । ज्योतिर्लिङ्ग राष्ट्रका किल्ला, सर्वधर्म समन्वयका कडी र जातीय संस्कृतिका एकतासूत्र भएका कारण यिनको संरक्षणमा तदारुकताका साथ लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । "शिवलिङ्ग नेपालको अस्मिता र सांस्कृतिक पहिचानका आधार पनि हुन्, श्रद्धा र विश्वासका साथ ज्योतिर्लिङ्गको उपासना गर्नाले धन, ज्ञान, विद्या र आयु थपिन्छ, दर्शनले जस्तोसुकै समस्या पनि समाधानको बाटो पाउने कुरा प्रत्यक्षरूपमा मैले अनुभव गरेको छु," प्राज्ञ गुरुङले भन्नुभयो ।

जरोकिलो अभियानका सङ्कल्पकर्ता सह प्रा डा निर्मलमणि अधिकारीले हाल नेपालमा रहेका गुरुकुलको सङ्ख्या र धर्मसंस्कृतिप्रति हाल देखिने गरेको जनचासोलाई आधार मानेर नेपाल अहिले धार्मिक र सांस्कृतिक हिसाबले पुनर्जागरणको युगमा रहेको बताउनुभयो । यस्ता पुस्तक प्रकाशनले पुनर्जागरणमा टेवा दिने उहाँको भनाइ थियो । पुस्तकका सर्जक कोइरालाले सम्बन्धित क्षेत्रका विद्वान् विदुषीलाई झक्झक्याउन पुस्तक लेखेको स्पष्ट पार्नुभयो । स्व पं सुवेदीका पुत्र भारद्वाज मित्रले आफ्ना पिताले धर्म संस्कृति संरक्षणमा गर्नुभएको योगदानको स्मरण गर्दै यो पुस्तकलाई नौमती बाजाका साथ सङ्गीतबद्ध गर्ने प्रतिज्ञा गर्नुभयो । आयोजक संस्थाका सभापति कल्पना सेवानी घिमिरे, सदस्य सचिव श्यामकृष्ण सुवेदी, सह प्रा डा मुकुन्दप्रसाद लामिछानेलगायतले संस्थाको उद्देश्यअनुरूप पुस्तक प्रकाशन गरिएको बताउनुभयो । कार्यक्रम संस्थाका पण्डितहरूको वैदिक मङ्गलाचरणबाट सुरु भएको थियो ।

# जिपी उपचार केन्द्रमा २५ थान एचडियु शैया जडान

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ माघ

जिल्लाको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा अत्याधुनिक एचडियु (हाई डिपेन्डेन्सी युनिट) शैया जडान गरिएको छ ।

केन्द्रमा उपचारका लागि आउने गम्भीर बिरामीहरुका लागि सहज र आरामदायी शय्या उपलब्ध गराउने उद्देश्यले मोनिटरसहितको उक्त शय्या राखिएको हो । नेपाल सरकारको आर्थिक सहयोगमा पच्चीस वटा शय्याका लागि रु एक करोड २३ लाख बजेट विनियोजन गरिएको सो केन्द्रले जनाएको छ । कुल बजेट रु दुई करोड १२ लाख भए पनि टेन्डरमा घटेर उक्त बजेटमा शैया खरिद गरिएको केन्द्रका लेखा अधिकृत वासुराज दाहालले जानकारी दिनुभयो ।

त्यसैगरी, अस्पतालमा १० वटा आइसियु शय्या लागि रु दुई करोड ७४ लाख खर्च भएको उहाँले बताउनुभयो । कोरोनाको संख्या बढ्दै गए पनि अस्पतालमा भर्ना हुनेको संख्या न्यून रहेको आइसियु कक्षमा पनि बिरामीको संख्या शून्य रहेको सो अस्पतालले जनाएको छ ।

उक्त केन्द्रमा सामान्य शय्यासहित एक क्षमताको शय्या संख्या रहेको प्रशासन शाखाप्रमुख प्रदीप पौडेलले जानकारी दिनुभयो । अस्पतालमा दैनिक २०० को हाराहारीमा बिरामीहरु उपचारका लागि आउने गरेका छन् । जसमा निमोनिया, मधुमेह, रक्तचाप, रुघाखोकी, भाइरलज्वरोका बिरामी अत्यधिक मात्रामा रहेका छन् ।

अस्पतालले सेवासुविधामा सुधार गर्दै अघि बढेपछि तनहुँ जिल्लासँगै छिमेकी जिल्ला स्याङ्जा, कास्की, नवलपरासी, पाल्पालगायतका जिल्लाबाट मानिसहरु उपचारका लागि आउने गरेका छन् ।

त्यसैगरी अक्सिजन प्लान्ट जडान गर्दा रु दुई करोड १८ लाख खर्च भएको छ । उक्त प्लान्टबाट दैनिक १०० सिलिन्डर उत्पादन गर्ने क्षमता रहेको केन्द्रका प्रमुख डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । कोभिडले आक्रान्त बनाएको समयमा दैनिक २० वटा सिलिन्डर खपत हुँदा पोखराबाट ल्याउनुपर्ने बाध्यता रहेकामा अक्सिजन प्लान्ट जडानपछि उक्त समस्या हटेको छ । अस्पतालले हाल १५ देखि २० वटा सिलिन्डर ग्यास उत्पादन गरी अस्पतालमा उपचारका लागि आउने बिरामीका लागि प्रयोग गर्ने गरिएको उहाँले जानकारी दिनुभयो ।

# तोकिएका प्रतिनिधिलाई मात्र खाडी र मलेसिया भ्रमणको अनुमति दिइने

**रासस**
काठमाडौं, ९ माघ

गृह मन्त्रालयले तोकिएका संस्थागत प्रतिनिधि र व्यक्तिहरुलाई मात्र खाडी मुलुक र मलेसिया भ्रमणका लागि प्रस्थान अनुमति दिने भएको छ ।

कोभिड-१९ सङ्क्रमण फैलिरहेका बेला खाडी मुलुक र मलेसियामा गई नेपाली बिचल्लीमा परेको गुनासो आएकाले यही १० गतेदेखि लागू हुने गरी अर्को आदेश नभएसम्मका लागि उक्त मुलुकको भ्रमणमा जान रोक लगाएको मन्त्रालयले आज एक सूचना जारी गरी तोकिएका निकायका प्रतिनिधिलाई मात्र भ्रमण भिसाका लागि प्रस्थान अनुमति दिने जनाइएको छ ।

मन्त्रालयले सरकारी कामको सिलसिलामा जाने सरकारी कर्मचारी, अन्तर्राष्ट्रिय कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि एवं अन्तर राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि (संस्थागत कार्यका लागि मात्र) लाई प्रस्थान अनुमति दिने जनाएको छ । यस्तै, नेपालमा सामान आयातनिर्यात गर्ने व्यावसायिक प्रतिनिधि (आयातनिर्यातका लागि मात्र), वार्षिक न्यूनतम रु ६ लाख कर योग्य आय भई कम्तीमा सोको आधा रकम बैंक खातामा बचत भएका र नेपालको कर प्रणालीमा आबद्धता भएका व्यक्ति पनि भ्रमणका लागि प्रस्थान अनुमति दिने मन्त्रालयले जनाइएको छ । मन्त्रालयका प्रवक्ता फडिन्द्रमणि पोखरेलका अनुसार औद्योगिक तथा व्यावसायिक गतिविधिमा अन्तर्राष्ट्रिय सञ्जालमा आबद्ध विशिष्ट संस्थाबाट विशिष्ट कार्यका लागि जानुपर्ने आधिकारिक प्रतिनिधि, वैदेशिक रोजगार व्यवसायको बजार प्रवर्द्धनका लागि जाने म्यानपावर व्यावसायिक सञ्चालक वा आधिकारिक प्रतिनिधिलाई पनि प्रस्थान अनुमति प्रदान गरिनेछ ।

यस्तै, बिरामी कुरुवा वा बिरामीको रेखदेखका रूपमा जाने (तीन पुस्ताभित्रका) पारिवारिक सदस्यहरू (नेपाली राजदूतावासको पत्र परराष्ट्र मन्त्रालयमार्फत आउनुपर्ने) का लागि पनि प्रस्थान अनुमति खुला गरिएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

# नेपाली कांग्रेस पोखरा २६ मा टोल समिति गठन

**महेन्द्र ढुंगाना**
**लेखनाथ, ९ माघ**

नेपाली कांग्रेस पोखरा-२६ समितिले शनिबार आफ्नो वडामा टोल समिति गठन गरेको छ।

श्रीकान्त ढुंगानाको सभापतित्वमा गठित समितिको उपसभापतिमा सुमित्रा राजभाट, सचिबमा जोतेन्द्र गहतराज, सहसचिबमा गोपिचन्द बराल, कोषाध्यक्षमा रामप्रसाद ढुङ्गाना, र सदस्य हरूमा शिबहरि गौतम, चित्रमाया पोखरेल, सुमित्रा बि क, सुनिल ढुंगाना, प्रबिन ढुंगाना, अजय राजभाट, मन्जु बि क, राजु बिक लगायत रहेका छन् भने बाँकी थप सदस्य समितिलेनै मनोनित गर्नेगरि गठन गरिएको छ। कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि एवं नेपाली कांग्रेस क्षेत्र नं एक प्रदेश शभा क कि उपसभापति निर्मला ढुङ्गानाले नेपाली कांग्रेसको हालको नितिनै पार्टी मजबुद बनाउने हरेक संगठनलाई सक्रिय बनाउनेनितिबमोजिम आगामि बैशाख महिनामा हुने स्थानिय चुनाब को तयारिको लागि हरेक वडामा सबैले टोल समिति गठन गर्नेुपर्ने जसले गर्दा तल्लो समिति सम्म हाम्रा कुराहरूको राजनितिक सहजता हुन्छ, स्थानिय चुनाबमा हाम्रो सक्रियता अझ मजबुद हुँदै जान्छ र नै प्रतिपक्षसँग हामी मुकाबिला गर्न सक्ने बताए।



नेपाली कांग्रेस पोखरा २६ का सभापति शिव बहादुर राजभाटको सभापतित्वमा सम्पन्न कार्यक्रममा जल्धारे सहकारिका अध्यक्ष श्रीकान्त ढुंगाना, क्षेत्रीय प्रतिनिधि शोभाकुमारि ढुङ्गाना, शिव शक्ति आधारभुत विद्यालयका शिक्षक लेखनाथ ढुङ्गाना, रामप्रसाद ढुङ्गाना, लगायतले नेपाली कांग्रेसले अब आगामि दिनमा चुनाबलाई प्राथमिकता दिनुपर्ने र आजैबाट सक्रियताका साथ लाग्नुपर्ने धारणा राखेका थिए। कार्यक्रममा उपसभापति एवं कार्यक्रम संयोजक ध्रुव बि क ले स्वागत र कार्यक्रममाथि जानकारि गरेका थिए भने कार्यक्रम सन्चालन सचिब ईश्वरीप्रसाद अधिकारिले गरेका थिए।

# बलेवाको बन्जी खेल्न खोप कार्ड चाहिने

**रासस**
**बागलुङ, ९ माघ**

कोरोना सङ्क्रमण बढ्दै गएपछि साहसिक खेलको गन्तव्य बन्दै आएको बलेवा कुस्मा बन्जी खेलका लागि खोप कार्ड चाहिने भएको छ। कोरोनाको तेस्रो भेरियन्ट (ओमिक्रोन) सङ्क्रमण ह्वात्तै बढेपछि बागलुङ र पर्वत जोड्ने गरी कालीगण्डकी नदीमाथि निर्माण भएको विश्वकै दोस्रो अग्लो बन्जी जम्प खेल्नका लागि खोप कार्ड अनिवार्य गरिएको हो।

कोरोनाकालमै गत वर्षदेखि सञ्चालनमा आएको बन्जी जम्पमा केही समय अगाडिसम्म दैनिक सयौँ पर्यटकहरू बन्जी जम्प गर्न र घुम्न आउने गर्थे भने अहिले दैनिक एक दर्जन पुग्न पनि गाह्रो भइरहेको छ। द क्लिफ प्रालिको झन्डै रु २८ करोड लगानीमा सञ्चालनमा आएको बन्जीसँगै स्विङ र जिपलाइन पनि प्रभावित बनेको छ। दोस्रो चरणको सङ्क्रमणपछि बन्जीमा पर्यटकहरूको आकर्षण बढेको र व्यवसाय पनि राम्रै सञ्चालन भए पनि तेस्रो चरणको सङ्क्रमणका कारण पुनः समस्यामा परेको बन्जी जम्प सञ्चालन गर्दै आएको द क्लिफ प्रालिका सञ्चालक राजु कार्कीले जानकारी दिनुभयो। उहाँले बन्जी, स्विङ र जिपलाइनका लागि अनिवार्य खोप कार्ड चाहिने बताउनुभयो। वारपार गर्नका लागि भने कार्ड अनिवार्य छैन। आफूहरूले स्वास्थ्य सुरक्षा मापदण्डलाई कडाइ गरेको भन्दै कार्कीले बन्जी खेल्न खोप कार्ड चाहिने र पुलमा प्रवेश गर्नुअघि ज्वरो नाप्ने र स्यानिटाइजिङ गर्ने गरेको बताउनुभयो। कार्कीले कोरोनाका कारण आफूहरू ठूलो मारमा परेको बताउनुभयो। बन्जी जम्प झन्डै पाँच वर्षको अवधिमा निर्माण सम्पन्न भएको थियो। सञ्चालनमा आएपछि सङ्क्रमणका कारण एक वर्ष पनि सहजरूपमा सञ्चालन गर्न नसकेको कार्कीको भनाइ छ।

उहाँले हाल स्काई साइक्लिङ र जिपलाइनसमेत सञ्चालनमा आएको भन्दै सङ्क्रमणका कारण प्रभावित भएको बताउनुभयो। बन्जी जम्प सञ्चालनमा आएपछि बागलुङको बलेवा र पर्वतको कुश्मामा होटेल व्यवसायसमेत फस्टाउँदै आएको छ। कोरोनाको त्रासले विस्तारै पर्यटकहरू घट्दै गएका छन्।

# धवलागिरि अस्पताल प्रदेशकै उत्कृष्ट

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ माघ**

धवलागिरि अस्पताल बागलुङ न्यूनतम स्वास्थ्य मापदण्ड सर्वेक्षणमा पुनः उत्कृष्ट अस्पतालका रूपमा देखिएको छ। स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट हरेक आर्थिक वर्षमा दुईपटक हुँदै आएको मापदण्डमा ५० शयुया क्षमता (सेकेण्डरी ए) का अस्पतालमध्ये अस्पतालले सर्वाधिक नम्बर प्राप्त गर्दै आएको छ।

अहिले उत्कृष्ट भएको अस्पताल गत आव र गत असारमा भएको सर्वेक्षणका क्रममा समेत अस्पताल उत्कृष्ट घोषण भएको थियो। धवलागिरि , गोरखा, म्याग्दी र लमजुङ अस्पतालमध्ये न्यूनतम स्वास्थ्य मापदण्डका आधारमा १०० मा ८४ अङ्क प्राप्त गर्दै गण्डकी अस्पतालका ५० शयुयाको अस्पतालमध्ये धवलागिरी अस्पताल उत्कृष्ट भएको स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य तथा शिक्षा अधिकृत नवराज शर्माले जानकारी दिनुभयो। उहाँसहितको समूहले धवलागिरि अस्पतालमा स्वास्थ्यकर्मीसँगको अन्तर्क्रियाका क्रममा अस्पतालले आफ्ना कमी-कमजोरी सुधार गर्दै न्यूनतम स्वास्थ्य मापदण्ड बढाउँदै लगेको, अहिलेसम्म निरन्तर उत्कृष्ट हुँदै आएको र यसपटक न्यूनतम स्वाथ्य मापदण्डका आधारमा ८४ अङ्क प्राप्त गरेको जानकारी गराएका थिए। विसं २०७७ का आवमा गरिएको एक सर्वेक्षणमा ६६ अङ्क प्राप्त गरेको सो अस्पतालले २०७८ असारमा गरिएको सर्वेक्षणमा ७३ अङ्क प्राप्त गरेको थियो। पुस मसान्तसम्म अस्पतालको अवस्थाको सर्वेक्षणका आधारमा ८४ अङ्क प्राप्त गर्दै गण्डकी प्रदेशमै उत्कृष्ट भएको हो। सुरुको सर्वेक्षणमा न्यूनतम स्वास्थ्य मापदण्डका कमी-कमजोरीलाई सुधार गर्दै गएका कारण निरन्तर सर्वेक्षणको अङ्क बढाउदै उत्कृष्ट भएको धवलागिरि अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेण्ट डा शैलेन्द्र विक पोखरेलले जानकारी दिनुभयो। "निरन्तरको सर्वेक्षण, सुझाव र छलफलबाट अस्पतालको विभिन्न विभागलाई सुधार गर्दै लगिरहेका छौँ। जस्तै फोहरको वैज्ञानिक व्यवस्थापन, बरिरङ्ग सेवा, इमर्जेन्सी विभाग र विपद् व्यवस्थापनमा धेरै परिवर्तन गरेका छौँ", उहाँले भन्नुभयो, "अस्पतालले जनताको स्वास्थ्य सेवामा क्रमशः गुणस्तर वृद्धि गराउँदै लैजाँदाको परिणाम नै प्रदेशकै उत्कृष्ट अस्पताल बन्नु हो।" सर्वेक्षणमा अस्पतालका स-साना कमी-कमजोरी खोतल्ने र सुधारका लागि सुझाव दिने काम भइरहेको छ। सुशासन तथा व्यवस्थापन, उपचार सेवा र व्यवस्थापन तथा अस्पताल सहयोग सेवा गरी मुख्य तीन विषयमा गरिएको मूल्याङ्कनका आधारमा सो अस्पताल उत्कृष्ट हुँदै आएको छ।

तीन विषयमा केन्द्रित रहेर ६४७ वटा सूचक राखेर त्यसमा अङ्क प्रदान गरिन्छ। सो अस्पतालको न्यूनतम सेवा मापदण्डको चालु आवमा स्थलगत अनुगमन गरिएको थियो। प्रत्येक पटकको सर्वेक्षणमा अस्पतालको न्यूनतम सेवा मापदण्डअनुसारका काम भए/नभएको र देखिएका कमी-कमजोरीलाई सुधार्न सल्लाह दिँदै आएको निर्देशनालयले जनाएको छ। निर्देशनालयले दिएको सुझावअनुसार अस्पतालको सेवा विस्तार तथा गुणस्तरीय स्वास्थ्य सेवा र चुस्त व्यवस्थापन गर्दै आएको धवलागिरि अस्पतालले जनाएको छ।

# लोक भजन संरक्षण अभियान

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ माघ**

जिल्ला भजन समिति बागलुङ्ले परम्परागत लोक भजन संरक्षणका लागि वाद्यवाधन जोहो गर्ने अभियान थालेको छ। स्थानीय भजनको संरक्षणका लागि आवश्यक वाद्यवाधनका सामग्री जुटाउन समितिले आर्थिक सङ्कलन अभियान समेत थालेको हो।

तत्काल वाद्यवाधनका सामग्रीको अभाव भए पनि पुराना लोक भजन बचाउनका लागि प्रशिक्षण केन्द्र नै स्थापना गरी अभियान सुरु गरिएको जिल्ला भजन समितिका संयोजक टेकबहादुर केसी 'सङ्गम'ले जानकारीदिनुभयो। पुराना र नयाँपुस्तालाई जोडेर भजनको संरक्षण अभियान थालिएको उहाँले बताउनुभयो। "बागलुङमा गाउँअनुसार धेरै लय र भाकाका राम्रा भजन छन्", केसी भन्नुहुन्छ, "यी सांस्कृतिक सम्पत्तिको संरक्षण हामीले नगरे कसले गर्छ ? त्यसैले लोक भजनको संरक्षणमा लागेका छौँ।"

समयमा अभियान नचलाउने हो भने मौलिक लय र भाकाका पुराना भजन हराउनबाट जोगिने उहाँको तर्क छ। भजन संरक्षणका लागि आवश्यक वाद्यवाधन जुटाउनका लागि देश-विदेशमा सहयोग सङ्कलन अभियान स्वःस्फुर्त सञ्चालन भइरहेको केसीले जानकारी दिनुभयो। "तत्काल हामीलाई चाहिएको स्वरयन्त्र हो, अन्य सामग्री हामीसँग छन्", केसीले भन्नुभयो, "रु तीन लाख आवश्यक बजेट हो, दुई लाख जति सङ्कलन भइसकेको छ।" अमेरिकालगायतका तेस्रो मुलुक र नेपालमा पनि युवाहरूले समितिको अभियानमा साथ दिएको उहाँले बताउनुभयो।

"हामीसँग कला, संस्कृति छ, सङ्ग्रह गरेर राख्ने र प्रचार गर्ने गरेका छैनौँ", उहाँ भन्नुहुन्छ, "हाम्रो अभियान कला र संस्कृति अरुलाई देखाउने र सिकाउने हो।" भजनलाई पछिल्लो समय व्यावसायिकरूपमा अगाडि बढाउने विभिन्न प्रयास भएको उहाँले जानकारी दिनुभयो। केही कलाकारले भजनबाटै जीविकोपार्जनका लागि मेहेनत पनि गरेका छन्। भजनलाई व्यावसायिकरूपमा अगाडि बढाउन शब्द चयनदेखि पुराना लय र भाका भुल्न नहुने समितिका सल्लाहकार दुर्गाबहादुर आचार्यले बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्मः** वि.सं. १९९५/०७/२० गते

**स्वर्गारोहणः** वि.स. २०७८/०९/२८ गते

**स्व. विष्णुमाया तामाङ**

काभ्रे पोखरा मिलन समाजका तृतीय उपाध्यक्ष सुन बहादुर लामाज्यूको ममतामयी माता **विष्णुमाया तामाङ** को ८३ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौँ। आज उहाँको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**केदारनाथ श्रेष्ठ (अनिल)**
**अध्यक्ष एवं**
**काभ्रे पोखरा मिलन समाज परिवार**
**पोखरा-९, कास्की**


# आयात १० खर्ब हुँदा निर्यात एक खर्ब १८ अर्ब

**रासस**
**काठमाडौं, ९ माघ**

चालु आर्थिक वर्षको पहिलो छ महिनामा आयातसँगै निर्यातमा समेत वृद्धि भएको छ।

सो अवधिमा रु नौ खर्ब ९९ अर्ब ३४ करोड २७ लाख बराबरको वस्तु तथा सेवा आयात हुँदा नेपालले रु एक खर्ब १८ अर्ब ८५ करोडको मात्र निर्यात गरेको छ। भन्सार विभागको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको पहिलो ६ महिनामा आयात ५९ दशमलव १३ प्रतिशत र निर्यात ९५ दशमलव ४८ प्रतिशतले वृद्धि भएको हो।

गत आर्थिक वर्षको सोही अवधिमा रु छ खर्ब ६१ अर्ब २४ करोड ५३ लाखको आयात हुँदा नेपालले रु ६० अर्ब ७९ करोड ९२ लाखको निर्यात गरेको थियो। निर्यात बढ्दै गए पनि आयात झन धेरै बढेको हुँदा व्यापार घाटा चुलिँदै गएको छ।

# सुन्तला झर्नबाट रोक्न प्लास्टिकको बोरा प्रभावकारी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ९ माघ**

सुन्तलाको दाना झर्ने समस्या नियन्त्रण गर्न प्लास्टिकको बोरा प्रभावकारी बनेको छ। चाइनिज सिट्रोस फ्रुट फ्लाई किराको सङ्क्रमणबाट पाक्ने बेलामा औसा परेर झरेका सुन्तलाको दाना प्लास्टिकको बोरामा हालेर सुरक्षित व्यवस्थापन गर्ने तरिका प्रभावकारी बनेको हो।

बेनी नगरपालिका-४ बास्कुनाका तिलक गुरुङले गत वर्ष झरेका दानाको सुरक्षित व्यवस्थापन र खाद्य पासो थापेपछि यसपाली सुन्तला झर्ने समस्या नियन्त्रण भएको र उत्पादन बढेको बताउनुभयो। "झरेका दानालाई हावा नछिर्ने प्लास्टिकको बोरामा हालेर खाडलमा गाड्नुका साथै फ्रुट फ्लाई किरा मार्ने खाद्यपासो प्रोटिन बेट प्रयोग गरेको थिए", उहाँले भन्नुभयो, "दाना झर्ने समस्या ९० प्रतिशत नियन्त्रण भएकाले यसपाली पनि त्यसलाई निरन्तरता दिएको छु।"

जलजला गाउँपालिका-१ बाँसखर्कका जगतबहादुर खत्रीले अघिल्लो वर्ष दैनिक २२/२३ क्रेट दाना झर्ने गरेकामा यसपाली पाँच/६ क्रेट मात्र झरेको बताउनुभयो। पूरै गाउँमा सुन्तलाखेती भएको बाँसखर्कका कृषकले झरेका दानालाई तातोपानीमा पकाएर खाडल खनेर गाड्ने र प्लास्टिकको बोरामा राख्ने गरेका खत्रीले बताउनुभयो।

"गत वर्षसम्म दाना झर्ने समस्या विकराल थियो", उहाँले भन्नुभयो, "बगैँचा र झरेका दाना व्यवस्थापन गर्दा २५ प्रतिशत उत्पादन बढेको छ।" खत्रीका अनुसार २०० भन्दाबढी परिवारले सुन्तलाखेती गरेको बाँसखर्कमा यसपाली रु चार करोड मूल्य बराबरको सुन्तला उत्पादन भएको छ। कृषि ज्ञान केन्द्रले बेनी नगरपालिका-४ बास्कुना, अन्नपूर्ण गाउँपालिका-७



दोसल्ले, मङ्गला-३, भोरलेनी-५ अर्मन र जलजलाको बाँसखर्कका कृषकलाई औसाले झरेका दाना, बगैँचा व्यवस्थापन र सरसफाइ गर्ने ज्ञान, सीप र प्रविधि सिकाउन स्थलगत तालिम सञ्चालन गरेको छ। कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले गत वर्ष प्रोटिन बेटको खाद्य पासो राखेको र झरेका दाना व्यवस्थापन भएको बगैँचामा यसपाली किराको प्रकोप घटेकाले अभियानलाई बिस्तार गरिएको बताउनुभयो। पाक्ने बेलामा दाना झर्ने समस्या सुन्तला खेतीमा केही वर्षयता मुख्य चुनौतीका रुपमा देखिएको छ। दानाभित्र पसेको औसाले असोजदेखि पुस महिनासम्म पहेँलो बनाई प्वाल पारेर अथवा दानालाई आफूसँगै भुइँमा खसाल्छ। अधिकृत पाण्डेका अनुसार भुइँमा खसेको औसालाई प्लास्टिकको बोरामा हावा नछिर्ने बनाएर राख्ने, पोखरीमा डुबाउने र डेढ फिटभन्दा बढी गहिरो खाडल खनेर व्यवस्थापन गर्नुपर्ने हुन्छ। जेठ असारमा दानाभित्र पस्ने औसा चिसो मौसममा जमिनभित्र बस्छ। आगामी वर्ष यस्तो समस्या हुन नदिन झरेको दाना व्यवस्थापन गर्ने र चैत-वैशाखमा प्रोटिन बेटसँगै विषादी मिसाएर बोटमा छर्कनुपर्ने कृषि प्राविधिकले बताएका छन्। यसैगरी सुन्तलाको रुख र हाँगाभित्र गबारो छिरेर खाएपछि बोट पहेलो भएर सुक्ने समस्या देखिएको हो। प्रोटिन बेटमा दाना झार्ने किराले मन पर्ने तत्व मिसाइएको हुन्छ। खानेकुरासँगै विषादी खाएर किरा मर्छ र नियन्त्रणमा सहयोग पुग्छ। रुख सुक्ने समस्या समाधानका लागि बगैँचा व्यवस्थापन र सुकेका हाँगा काटछाट गर्न कृषि प्रसार अधिकृत पाण्डेको सुझाव छ। फल टिपेपछि मलजल, गोडमेलसँगै बोडेपेष्ट लगाउने र स्प्रे गर्न उहाँले आग्रह गर्नुभयो।

म्याग्दीको राखु, मरेक, सुर्केमेला, बरञ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दाबढी सुन्तला बगैँचा छन्। सात सय ६ हेक्टरमा सुन्तला खेती गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ। गत वर्ष ३४५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती हुँदा दुई हजार ८० मेट्रिकटन उत्पादन भएको थियो। यस वर्ष ३५५ हेक्टर क्षेत्रफलमा लगाइएको बोटबाट दुई हजार १८० मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख किरन सिग्देलले बताउनुभयो। कृषकले बिक्री गरेको सरदर मूल्यका आधारमा जिल्लाभर रु १३ करोड बराबरको सुन्तला उत्पादन भएको छ। उनीहरुले प्रतिकिलो रु ५० देखि रु ८० का दरले सुन्तला बिक्री गरेका छन्। म्याग्दीको सुन्तला पोखरा, चितवन, बुटवल र काठमाडौंमा लगेर बिक्री गरिन्छ। व्यापारी खरिद गर्न बगैँचामै आउने गरेका छन्।